नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
विकास सहायता समन्वय शाखा

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:- २५४

मिति २०७६/०८/२४

श्री जिल्ला समन्वय समिति (सबै),
श्री महानगरपालिका (सबै),
श्री उप-महानगरपालिका (सबै),
श्री नगरपालिका (सबै),
श्री गाउँपालिका (सबै)।

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

प्रस्तुत विषयमा नेपालको संविधानको धारा ५९ (६) मा वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारको हुने भनी व्यवस्था भएको साथै संविधानको अनुसूची ५ को दफा ७ मा अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता संघको अधिकार सूचीमा रहेको सन्दर्भमा वैदेशिक सहायता व्यवस्थापन सम्बन्धमा अर्थ मन्त्रालयको च.नं १४०७ मिति २०७६/०८/१८ को पत्रबाट लेखी आए बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०७/२९ को निर्णय कार्यान्वयनका लागि आवश्यक व्यवस्था हुन आदेशानुसार अनुरोध छ।

संलग्नः
अर्थ मन्त्रालयको च.नं १४०७ मिति २०७६/०८/१८ को पत्र र नेपाल सरकार मन्त्रिपरिषद्को २०७६/०७/२९ को निर्णयको छाँयाप्रति ।

बोधार्थ : श्री सूचना तथा प्रविधि शाखा, वेवसाइटमा अपलोड गरिदिनुहुन।

स्मीता पौडेल
शाखा अधिकृत

नेपाल सरकार

# अर्थ मन्त्रालय

(अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०७६।०७७
च. नं.:- १४०७

मिति : २०७६/०८/१८

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषय :- वैदेशिक सहायता व्यवस्थापन सम्वन्धी विषयमा परिपत्र गर्ने सम्वन्धमा ।

प्रस्तुत सम्बन्धमा प्रदेश र स्थानीय तहबाट दातृ निकाय/समुदाय वा लगानीकर्तासँग नेपाल सरकारसँग समन्वय नगरी सहयता वा ऋण स्वीकार गर्ने सम्भावनालाई ध्यान दिनुपर्ने भएको छ । साथै, वैदेशिक सहायता परिचालन गर्ने कानुनी एवं नीतिगत व्यवस्थाको परिपालनालाई प्रभावकारी बनाउन तथा एकरुपता कायम गर्न देहायका विषयहरुमा नेपाल सरकारको स्वीकृति नलिई सोझै विकास साझेदारहरुसँग सहायता स्वीकार गर्ने एवं सहायताको लागि सम्झौता गर्न नहुने व्यहोरा सबै स्थानीय तहहरुमा परिपत्र गरिदिनुहुन नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।०७।२९ को निर्णयानुसार अनुरोध छ ।

(क) नेपाल सरकारबाट सहमति नलिईकन सोझै विकास साझेदारहरुसँग सम्झौता गरिएका विषयहरु ।

(ख) नेपाल सरकारबाट सहमति लिइएका तर प्राप्त सहमति भन्दा फरक ढंगले सम्झौता भएका विषयहरु ।

संलग्नः
नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।०७।२९ को निर्णयको प्रतलिपि ।

(शिवलाल न्यौपाने)
शाखा अधिकृत

नेपाल सरकार

अर्थ मन्त्रालय

विषय: वैदेशिक सहायता व्यवस्थापन सम्बन्धी विषयमा परिपत्र गर्ने सम्बन्धमा।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति – २०७६/०७/०८

१. विषयको संक्षिप्त व्यहोरा

प्रदेश र स्थानीय तहबाट दातृ निकाय/समुदाय वा लगानीकर्तासँग नेपाल सरकारसँग समन्वय नगरी सहायता वा ऋण स्वीकार गर्ने सम्भावनालाई ध्यान दिनुपर्ने भएको छ। साथै, वैदेशिक सहायता परिचालन गर्ने कानुनी एवं नीतिगत व्यवस्थाको परिपालनालाई प्रभावकारी बनाउन तथा एकरुपता कायम गर्न सबै प्रदेश तथा स्थानीय तहहरुमा परिपत्र गर्नुपर्ने भएको छ।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा

वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारको हुनेछ भनी संविधानको धारा ५९(६) मा उल्लेख भएको। अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफा १२(३) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने योजना वा कार्यक्रमको लागि वैदेशिक अनुदान वा सहयोग लिन सक्ने उल्लेख भएको। साथै, अनुदान सहायता र प्राविधिक सहायताका हकमा अर्थ मन्त्रालयले वित्तीय सम्झौता गरी कार्यान्वयनको लागि प्रदेशमा पठाउने र ऋण सहायताको हकमा ऋण रकम, व्याजदर र भुक्तानी सम्बन्धी शर्तहरु सहितको सहायक ऋण सम्झौता गरी कार्यक्रम सञ्चालन हुने प्रदेश तथा स्थानीय तहमा पठाउने व्यवस्था अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ मा रहेको। प्रदेश तथा स्थानीय तहबाट वैदेशिक सहायता परिचालन सम्बन्धमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट प्राप्त भएको रायमा नेपालको संविधान बमोजिम सन्धि सम्झौता गर्ने अधिकार संघमा रहेकोले कुन विषयमा सन्धि गर्ने भन्ने शुरु कारवाही नै नेपाल सरकारबाट हुनुपर्ने भनी लेखी आएको।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिस

प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन मापदण्ड स्वीकृतिको चरणमा रहेकोले ती सरकारहरुले वैदेशिक सहायता परिचालन गर्ने विषयलाई प्रभावकारी बनाउने र एकरुपता कायम गर्ने गरी सबै प्रदेश तथा स्थानीय तहमा परिपत्र गर्ने निर्णयको लागि नेपाल सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट मिति २०७६/०७/०८ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची १ को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ।

४. निर्णय हुनु पर्ने व्यहोरा

देहायका विषयहरुमा नेपाल सरकारको स्वीकृति नलिई सोझै विकास साझेदारहरुसँग सहायता स्वीकार गर्ने एवं सहायताको लागि सम्झौता गर्न नहुने व्यहोरा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत् सबै प्रदेशमा र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् सबै स्थानीय तहहरुमा परिपत्र गर्ने।

(क) नेपाल सरकारबाट सहमति नलिईकन सोझै विकास साझेदारहरुसँग सम्झौता गरिएका विषयहरु।

(ख) नेपाल सरकारबाट सहमति लिइएका तर प्राप्त सहमति भन्दा फरक ढंगले सम्झौता भएका विषयहरु।

मिति २०७६/०७/१४

(राजन खनाल)

सचिव

श्री सचिव,
अर्थ मन्त्रालय ।

वैदेशिक सहायता व्यवस्थापनसम्बन्धी विषयमा परिपत्र गर्ने विषयको अर्थ मन्त्रालयको दर्ता नं. २/७९-०७६/७/२१ को प्रस्ताव मं.प.बै.सं. ३५/०७६ मिति २०७६/७/२९ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु-

<u>नेपाल सरकारको निर्णय</u> —

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव
२०७६/७/२९

<u>बोधार्थ तथा कार्यार्थः</u>

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।